जन्तेढुङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिसापानी, खोटाङ
१ नं. प्रदेश, नेपाल
२०७३

# जन्तेढुङ्गा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या : ६ मिति : १० बैशाख, २०७६

## भाग : १

### जन्तेढुङ्गा गाउँपालिकाद्वारा प्रकाशित

### जन्तेढुङ्गा गाउँपालिकाको संस्था दर्ता ऐन, २०७५

# जन्तेढुङ्गा गाउँपालिकाको संस्था दर्ता ऐन, २०७५

**प्रस्तावना :**

सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२२ बमोजिम गठित जन्तेढुङ्गा गाउँ सभाले संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) बमोजिम जन्तेढुङ्गा गाउँ सभाले यो संस्था दर्ता ऐन, २०७५ बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "जन्तेढुङ्गा गाउँपालिकाको संस्था दर्ता ऐन, २०७५" रहेको छ ।

२) यो ऐन जन्तेढुङ्गा गाउँपालिका भित्र लागू हुनेछ ।

३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "संस्था"भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र, फाउन्डेसन, एकता समाज आदि सम्झनु पर्दछ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँदछ ।

(ख) "स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ग) "प्रबन्ध समिति"भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्दछ ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने :** यस ऐन बमोजिमदर्ता नगरी कसैले पनि संस्था स्थापनागर्न हुँदैन ।

४. **संस्था दर्ता :** (१) संस्थादर्ता गर्न चाहने कुनै ७ जना वा सोभन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीयअधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

क) संस्थाको नाम

ख) उद्देश्यहरु

ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

घ) आर्थिक स्रोत

ङ) कार्यालयको ठेगाना

२) उपदफा (१) बमोजिमको निवेदनप्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाणपत्र दिनेछ ।

३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र त्यस्तो निर्णय उपर गाउँ पालिकाका प्रमुख समक्ष उजुरी गर्न सक्नेछ ।

४) उपपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि गाउँपालिका प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थादर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ ।

५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. <u>संगठित संस्था मानिने</u> :**१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६. <u>संस्थाको सम्पत्ति</u> :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान बिरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गर माकब्जा गरेमावा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने कब्जावा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाइदिन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानुन बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

**७. <u>अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने</u> :** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भई सञ्चालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. **संस्थाको उद्देश्यहरुमा हेरफेर :** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमावा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. **हिसाबको विवरण पठाउनु पर्ने :** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

०. **हिसाब जाँच गर्ने :** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाकिारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाव जाँच गरेको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश

गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीयअधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलानउन सक्नेछ। तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ।

११. **निर्देशन दिने** : गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

१२. **दण्ड सजाय** : १) दफा (३) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही बीस हजार रुपियाँसम्म जरिवाना गर्न सक्नेछ।

२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दस हजार रुपियाँसम्म जरिवाना गर्न सक्नेछ।

तर, कुनै सदस्यले दफा (९) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा स्थानीय अधिकारीले निजलाई सफाया दिन सक्नेछ।

३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ दिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँच हजार रुपियाँसम्म जरिवाना गर्न सक्नेछ।

४) दफा (८) बमोजिम स्थानीय अधिकारीको स्वीकृतिनलिई संस्थाको

उद्देश्यहरुमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा गाउँपालिकाकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. **पुनरावेदन** : दफा (१२) बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

१४. **संस्थाको विघटन वा त्यसको परिणाम** : १) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

२) विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले बेहोर्नेछ ।

१५. **नियमबनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

१६. **अन्य सङ्घीय वा प्रदेश कानुन बमोजिम दर्ता वा स्थापना गर्नु पर्ने** : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सन्दर्भमा अर्को सङ्घीय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१७. **खारेजी वा बचाउ** : १) संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता वा स्थापना भएका संस्था यस ऐन अन्तर्गत दर्ता स्थापना भए सरह मानिनेछ ।

## अनुसूची-१
## दर्ता दरखास्तको नमुना

मिति : २०....।.... ।....

श्री दर्ता गर्ने अधिकारी ज्यू,
जन्तेढुङ्गा गाउँ कार्यपालिकाको कार्यालय ।

विषय : दर्ता गरी पाऊँ ।

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरि पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विधान दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

**संस्था सम्बन्धी विवरण**

क) प्रस्तावित संस्थाको नाम :
ख) ठेगाना :
ग) उद्देश्य :
घ) मुख्य कार्य :
ङ) कार्य क्षेत्र :
च) दायित्व :
छ) सदस्य संख्या :
 १. महिला .......... जना
 २. पुरुष ........... जना
ज) प्राप्त प्रवेश शुल्कको रकम : रु. .................
झ) वडा कार्यालयको सिफारिस पत्र

संस्थाको तर्फबाट :
दस्तखत :
पद :
छाप :

## अनुसूची-२
## संस्था दर्ता प्रमाणपत्रको नमुना

जन्तेढुङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दर्ता नं.:

## दर्ता प्रमाणपत्र

श्री अध्यक्ष/सचिव ज्यू,
...................................

श्री.......................................... लाई जन्तेढुङ्गा गाउँपालिका संस्था दर्ता ऐन, २०७५ को दफा ४ बमोजिम मिति ................. गतेको निणयबाट जन्तेढुङ्गा गाउँपालिकाको कार्यालय खोटाङमा विधिवत दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

दर्ता गर्ने अधिकारीको सही :
नाम :
दर्जा :
कार्यालय
मिति :

प्रमाणिकरण मिति : २०७५/१२/२५

आज्ञाले,
चित्रप्रसाद गुरागाइ
प्रमुख प्रशासकीय अधिकृत